नगर कार्यपालिकाको
बैठक संख्याः ४६, २०७९-२०८४
मिति २०८१/०५/०८ को
निर्णय प्रमाणित ............

# कोहलपुर नगर कार्यपालिकाको बैठकका निर्णयहरु (बैठक नं ४६, २०७९-२०८४)

मिति : २०८१ भदौ ८ गते

निर्णयहरुः

१. कोहलपुर नगरपालिकाको अघिल्लो कार्यपालिका बैठकमा भएका निर्णयहरु कार्यान्वयन अवस्था सम्बन्धमा समीक्षा गरियो । कार्यपालिकाका निर्णयहरु कार्यान्वयनमा सबै सरोकारवालाहरुसँग समन्वय र सहकार्य गर्ने ।

२. कोहलपुर नगरपालिका भित्र रहेको जग्गाको वर्गिकरण सम्बन्धमा भूउपयोग नियमावली, २०७९ मा व्यवस्था भए बमोजिम जग्गाको वर्गिकरणका लागि विशेष प्राविधिक दक्षता आवश्यक पर्ने भएकोले परामर्श सेवाबाट परामर्शदाता छनौट गरी प्रक्रिया अगाडी बढाउन निर्देशन दिने ।

३. स्थानीय पूर्वाधार सहयोग कार्यक्रम(LISP) का लागि यस नगरपालिकाबाट योजनाहरु छनौट गरी सिफारिस गर्नुपर्ने भएकाले सो सम्बन्धमा बैठकमा जानकारी गराईयो । साथै योजना छनौटका लागि मापदण्ड सहितको कार्यबिधि आएपश्चात आगामी बैठकबाट योजना छनौट गरी सिफारिस गर्ने ।

४. बिल्ड अन नेपाल र यस नगरपालिकाको लागत साझेदारीमा आ.ब. २०८०/०८१ मा भवन निर्माणका लागि सम्झौता भई निर्माण कार्य भईरहेकोमा मनसुनका कारण निर्माण सामाग्री र कामदारहरुको अभाव भएको कारण म्याद थपका लागि अनुरोध भई आएकोले उक्त योजनाहरुको म्याद २०८१ भदौ मसान्तसम्मका लागि थप गर्न निर्देशन दिने ।

५. भेटरेनेरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको वार्षिक कार्यक्रम अन्तर्गत लक्षित समुदाय विशेष आयआर्जन कार्यक्रम कोहलपुर नगरपालिकाको वडा नं. १० मा सञ्चालन गरिदिनका लागि भेटेरेनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, नेपालगञ्ज बाँकेलाई अनुरोध गर्ने ।

६. कोहलपुर नगर खेलकुद विकास समितको कार्यालय प्रयोजनका लागि साबिकमा लिइएको घरको बहाल सम्झौताको शर्त बमोजिम भाडावृद्धि गर्नुपर्ने भए गरी चालु आ.व. २०८१/०८२ का लागि थप गर्ने ।

७. यस नगरपालिकामा ENSURE परियोजना दोस्रोका लागि कार्यक्रम छनौट गर्नुपर्ने भएकाले आ.ब. २०८१/०८२ मा पेशागत प्लम्बर र पेशागत कुक तालिम कार्यक्रम छनौट गरी सञ्चालनका लागि सिफारिस गर्ने ।

८. गत आ.ब. २०७९/०८० वा सो भन्दा अघि नियुक्ति भई कोहलपुर नगरपालिकाको अनुदान सहयोगमा कार्यरत नगर अनुदान शिक्षक, शिक्षण सिकाई सहजकर्ता, खेलकुद प्रशिक्षक, विद्यालय सहायक कर्मचारी(सहायक लेखापाल) लगायत विद्यालय कर्मचारीहरुको करार अवधि २०८२ असार मसान्तसम्म थप गर्ने ।

धीलकराज ढकाल
प्रमुख प्रशासकीय अधिकृत

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, बाँके
कोहलपुर, लुम्बिनी प्रदेश
स्थापना : २०७२

नगर कार्यपालिकाको
बैठक संख्या: ४६, २०७९-२०८४
मिति २०८१/०५/०८ को
निर्णय प्रमाणित ..........

९. कोहलपुर नगरपालिका वडा नं. २ मा ठाउँसारी भई आउनका लागि आवश्यक कागजात सहित "घ" वर्गको निर्माण व्यवसायी ललित घर्तिले निवदेन पेश गरेकोमा निजले सञ्चालन गरेको नन्द जयन्ती मेमोरियल कन्सट्रक्सन प्रा.लि.लाई कोहलपुर २ मा ठाउँसारीका लागि अनुमति दिने । सँगै कोहलपुर नगरपालिकाको घ वर्गको निर्माण व्यवसायी इजाजत सम्बन्धी कार्यविधि, २०७५ मा नामसारी र ठाउँसारी सम्बन्धी स्पष्ट व्यवस्था भएको नदेखिएकोले देहाय बमोजिम दफा (३क) थप गर्ने गरी संशोधन गर्ने ।

(३क). <u>नामसारी तथा ठाउँसारी</u> : (१) नामसारी गरी दिने व्यक्तिको निवेदन, कोहलपुर नगर कार्यपालिकाको कार्यालयबाट सम्बन्धित व्यक्तिको फर्मलाई दर्ता गरी प्रदान गरिएको घ वर्गको सक्कल इजाजत पत्र, आन्तरिक राजस्व विभाग/कार्यालयमा सो फर्मका नाममा दिइएको पछिल्लो कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि, इजाजत पत्र दर्ता गर्दाका बखतका उपकरण तथा जनशक्ति हस्तान्तरण भएको कागजातको प्रतिलिपि र नामसारी गरी लिने व्यक्तिको नेपाली नागरिकताको प्रतिलिपि सहित अनुरोध भई आएमा कोहलपुर नगरपालिकाको आर्थिक ऐनमा उल्लेखित दस्तुर लिई नामसारी गरिनेछ ।

(२) ठाउँसारीको लागि निवेदन, कोहलपुर नगर कार्यपालिकाको कार्यालयबाट सम्बन्धित व्यक्तिको फर्मलाई दर्ता गरी प्रदान गरिएको घ वर्गको सक्कल इजाजत पत्र र आन्तरिक राजस्व विभाग/कार्यालयमा सो फर्मका नाममा दिइएको पछिल्लो कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि सहित अनुरोध भई आएमा तोकिए बमोजिमको राजश्व लिई ठाउँसारीका लागि सिफारिश गरिनेछ ।

(३) नेपालका अन्य कुनै पालिकामा दर्ता भई कोहलपुर नगरपालिकाभित्र ठाउँसारी गर्न चाहेमा देहायका कागजात सहित नयाँ दर्ताका लागि लाग्ने दस्तुरका अतिरिक्त ठाउँसारी दस्तुर समेत थप लिई ठाउँसारी गर्न सकिनेछ ।

क. सक्कलै निवेदन सहित नागरिकताको प्रतिलिपि
ख. अन्य पालिकामा दर्ता भएको सक्कलै प्रमाणपत्र
ग. दर्ता भएको पालिकाबाट ठाउँसारीका लागि दिएको सिफारिश
घ. पछिल्लो कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि
ङ. तोकिए बमोजिमको राजश्व बुझाएको रसिद

१०. कोहलपुर नगरपालिकामा विभिन्न कार्यका लागि राखिएको धरौटी रकम हालसम्म फिर्ता नगरेको, कुन प्रयोजनका लागि धरौटी राखेको भन्ने स्पष्ट खुलेको समेत अवस्था नदेखिएको रकम देखिएकोले यस प्रकारका रकममा दावी सहित आवश्यक कागजात पेश गर्न १५(पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशन गर्ने र नियमानुसारको कागजात पूरा भई आएमा धरौटी रकम फिर्ता दिने र उल्लेखित अवधिभित्र कोही कसैको दावी नपरेमा वा नियमानुसारको कागजात पेश गर्न नसकेमा सो धरौटीको सदर स्याहा गरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६८ बमोजिम राजश्व खातामा आम्दानी बाँधन निर्देशन दिने ।

धौलकराज ढकाल
प्रमुख प्रशासकीय अधिकृत

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश
स्थापना : २०७१

नगर कार्यपालिकाको
बैठक संख्या: ४६, २०७९-२०८४
मिति २०८१/०५/०८ को
निर्णय प्रमाणित ............

११. हिन्दु नारीहरुको महान चाड हरितालिका तीजको अवसरमा दियालो परिवारले विभिन्न सांस्कृतिक कार्यक्रम गर्ने गरी अनुमती माग भई आएकोले देहायका शर्तहरु पालना गर्ने गरी अनुमती प्रदान गर्ने ।

क. आयोजकले सांस्कृतिक कार्यक्रम भदौ १८ देखि २६ सम्म सञ्चालन गर्न पाउनेछन् । तर जुनसुकै कारण देखाई म्याद थपका लागि निवेदन पेश गर्न पाइनेछैन ।

ख. विद्यमान शान्ति सुरक्षाको सुव्यवस्थामा खलल नपुर्याई, मञ्च वरीपरी रहेका रुख विरुवा वा संरचनामा असर नपुग्ने गरी शान्तिपूर्ण ढंगले कार्यक्रम सञ्चालन गर्ने दायित्व आयोजकको हुनेछ । कुनै कारणबाट सो स्थानको संरचना, विरुवामा असर परेमा सोको क्षतिपूर्ति आयोजकले तिर्नुपर्नेछ ।

ग. सांस्कृतिक कार्यक्रमका लागि अन्य कुनै निकायबाट अनुमति, समर्थन वा स्वीकृति लिनुपर्ने भए सो लिने दायित्व आयोजककै हुनेछ ।

घ. हिन्दु नारीहरुको महान पर्व हरितालिका तीजको अवसर पारेर कार्यक्रम सञ्चालन गर्न लागिएको हुँदा आयोजकले मेला अवधिमा कुनै एकदिन निशुल्क / खुला प्रवेशको व्यवस्था मिलाउनुपर्नेछ ।

ङ. कोहलपुर नगरपालिका मेला महोत्सव व्यवस्थापन कार्यविधि, २०७९ बमोजिमको राजश्व, धरौटी वा कर अनिवार्य तिर्नुपर्नेछ । आयोजकले खुला मञ्च प्रयोग गरे बापत नगर विकास समितिलाई समेत तोकिएको राजश्व तिर्नुपर्नेछ ।

च. प्रवेश टिकटको हकमा कार्यविधिमा उल्लेखित रकमभन्दा बढी रकम असुल गर्न पाइनेछैन । निर्धारित दरभन्दा बढी असुल गरेको पाइएमा नियमानुसार कारवाही गरिनेछ ।

छ. कार्यक्रम सम्पन्न भएपश्चात सोको आय व्यय विवरण सार्वजनिक गर्नुपर्नेछ र सोको एकप्रति नगरपालिकामा अनिवार्य पेश गर्नुपर्नेछ ।

१२. कोहलपुर नगरपालिका अन्तर्गत सुरक्षित नागरिक आवास कार्यक्रमका लागि गत आर्थिक वर्ष २०८०/०८१ मा नै ७५० जना लाभग्राहीहरु छनौट भएकोमा ६११ जना लाभग्राहीहरुसँग सम्झौता गरिसकिएको र अधिकांश लाभग्राहीहरुले तोकिए बमोजिमको कार्यसम्पन्न गरिसक्दा समेत चालु आर्थिक वर्षका लागि निकासा भएको रकम अपुग हुने देखिएको हुँदा थप रकम निकासाका लागि सहरी विकास मन्त्रालयमा अनुरोध गरी पठाउने ।

१३. ज्ञानोदय सामुदायिक पुस्तकालयले पुस्तकालय दिवस कार्यक्रमका लागि सहयोग माग गरी पेश गरेकोले सामाजिक विकास समितितर्फको उपयुक्त शीर्षकबाट आवश्यक रकम दिने गरी निर्णय गराई आवश्यक कार्यवाहीका लागि सामाजिक विकास समितिलाई निर्देशन दिने ।

१४. कोहलपुर नगरपालिका १२ नं वडा कार्यालयको च.नं २८७ मिति २०८१/०५/०७ गतेको पत्रानुसार कोहलपुर नगरपालिका वडा नं ११ स्थित नयाँ बसपार्कको उत्तर गेट निर्माण स्थलमा रहेको बबुरको रुख हटाउनुपर्ने भएकोले सो कार्यमा आवश्यक समन्वयका लागि डिभिजन वन कार्यालयसँग समन्वय गरी रुख हटाउने निर्णय गरियो ।

धौलकराज ढकाल
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको
बैठक संख्या: ४६, २०७९-२०८४
मिति २०८१/०५/०८ को
निर्णय प्रमाणित ................

१५. कोहलपुर नगरपालिका १२ नं वडा कार्यालयको च.नं ३८५ मिति २०८१/०५/०७ गतेको पत्रानुसार कोहलपुर नगरपालिका १२ स्थित श्री दलित हित मध्यवर्ती सामुदायिक वन उपभोक्ता समितिका नाममा रहेको जग्गा वडा नं १२ र १३ का उपभोक्तालाई शुद्ध खानेपानी उपलब्ध गराउने उद्देश्यका साथ कोहलपुर वृहत शहरी खानेपानी उपभोक्ता संस्थालाई मुख्य निर्माण स्थलका लागि उपलब्ध गराउने सम्बन्धमा निर्णय भई आएकोले तोकिए बमोजिमको अन्य थप कागजात प्राप्त भएपश्चात जग्गा उपलब्धताको प्रकृयाका लागि सम्बन्धित निकायमा सिफारिश गर्ने ।

१६. कोहलपुर नगरपालिकाको आ.व. २०८०/०८१ को जिन्सी निरीक्षण प्रतिवेदन अनुमोदन गर्ने । जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए बमोजिम कार्यालयका नाममा रहेका दुइपाङ्ग्रे सवारी साधनको प्रयोगको अवस्था विश्लेषण गरी कोहलपुर नगरपालिकाको प्रशासकीय कार्यविधि(नियमित गर्ने)ऐन, २०७९ बमोजिम सवारी प्रयोग गर्न मिल्ने कर्मचारी तथा पदाधिकारी यकिन गरी उपलब्ध गराउने ।

१७. कोहलपुरन नगरपालिका अन्तर्गत विभिन्न आर्थिक वर्षको महालेखा परीक्षकको प्रतिवेदनले छानबीन गर्नुपर्ने भनी औल्याएको बेरुजु उपर छानबीन गर्नका लागि देहाय बमोजिमको छानबीन समिति गठन गर्ने र समितिले कायदिश पाएको १ महिनाभित्र कार्यसम्पन्न गरी प्रतिवेदन पेश गर्न लगाउने ।

क. <u>पञ्जीकरण लगायतका कार्यालय सञ्चालनसँग सम्बन्धित बेरुजुको हकमा</u>

| | | |
|---|---|---|
| क. | कर्ण बहादुर थापा, अधिकृत सातौं | -संयोजक |
| ख. | नर्मदा रावत, सलेपा | -सदस्य |
| ग. | रोशन चापागाँई, एमआइएस | -सदस्य सचिव |

ख. <u>राजश्व सम्बन्धी बेरुजुको सम्बन्धमा</u>

| | | |
|---|---|---|
| क. | युवराज अधिकारी, लेखा अधिकृत | -संयोजक |
| ख. | वीर बहादुर थापा, नगर प्रहरी प्रमुख | -सदस्य |
| ग. | शुसिला थापा, राजश्व शाखा प्रमुख | -सदस्य सचिव |

१८. कोहलपुर नगर अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिको मिति २०८१/०४/२३ गतेको निर्णय अनुमोदन गर्ने ।

१९. कोहलपुर बसपार्क व्यवस्थापन समितिको मिति २०८१/०४/२८ गतेको निर्णय अनुमोदन गर्ने ।

२०. कोहलपुर नगरपालिकाको वातावरण संरक्षण तथा विपद व्यवसथापन विषयगत समितिको मिति २०८१/०४/२४ गतेको निर्णय अनुमोदन गर्ने ।

२१. कोहलपुर नगरपालिका एम्बुलेन्स सेवा सञ्चालन तथा व्यवस्थापन समिति २०८१ असार ३१ गतेको निर्णय अनुमोदन गरी आ.व. २०८०/०८१ मा एम्बुलेन्स सञ्चालन गर्दा लागेको विविध खर्च रकम रु

धौलकराज ढकाल
प्रमुख प्रशासकीय अधिकृत

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश
स्थापना : २०७३

नगर कार्यपालिकाको
बैठक संख्या: ४६, २०७९-२०८४
मिति २०८१/०५/०८ को
निर्णय प्रमाणित .................

३४६१०.४३ रुपैया अनुमोदन गरी चालु आर्थिक वर्षको दायित्वमा सारी खर्च लेख्न निर्देशन दिने । साथै कोहलपुर नगरपालिकाको एम्बुलेन्स सेवा संचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि २०७९ मा संशोधन गर्ने ।

२२. कोहलपुर नगरपालिका शिक्षण सिकाई सहजकर्ता परिचालन कार्यविधि २०८० मा संशोधन गर्ने ।

२३. कोहलपुर नगरपालिका वडा नं. १० का लागी संङ्घीय अनुदानबाट कार्यान्वयन गरिने योजनाहरुको लागत अनुमान तयार गर्दा कुल विनियोजित बजेटको ४० प्रतिशत रकम थप गरी लागत अनुमान तयार गर्ने र योजना कार्यान्वयनका लागि विनियोजित रकममा अपुग हुने रकम कोहलपुर नगरपालिकाको समपुरक कोषबाट ३० प्रतिशत र १० प्रतिशत १० नं. वडा कार्यालयको सिफारिस बमोजिम व्यहोर्ने ।

धौलकराज ढकाल
प्रमुख प्रशासकीय अधिकृत